# संस्थागत सामाजिक उत्तरदायितव सम्बन्धी मापदण्ड

# संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मापदण्ड

कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत समुदायमा कार्यक्रम गर्न खर्च गर्नेसम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले,

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडले देहायको मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस मापदण्डको नाम "संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मापदण्ड, २०७५" रहेको छ ।

(२) यो मापदण्ड सञ्चालक समितिबाट स्वीकृत भएको मितिबाटप्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "कार्यक्रम" भन्नाले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत समुदायमा सञ्चालन गरिने विभिन्न कार्यक्रम वा सहयोगसम्झनु पर्छ ।

(ख) "कम्पनी" भन्नाले जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड सम्झनुपर्छ ।

(ग) "सञ्चालक समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "परियोजना" भन्नाले कम्पनीले लगानी गरेको जलविद्युतसँग सम्बन्धित आयोजना वा परियोजना सम्झनु पर्छ ।

३. **क्षेत्र पहिचान गर्ने**: कम्पनीले कार्यक्रम संचालन गर्नको लागि देहायका कुनै क्षेत्र पहिचान गर्नेछः

(क) शैक्षिक कार्यक्रम,

(ख) खानेपानी, स्वास्थ्य तथा सरसफाई,

(ग) ग्रामीण विकास,

(घ) वातावरण संरक्षण,

(ङ) महिला सशक्तिकरण,

(च) खेलकुद तथा कला संस्कृती,

(छ) मानवीय सेवा ।

४. **प्राथमिकताका स्थान** : (१) कम्पनीले देहायका प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नु पर्नेछ :-

(क) परियोजनाबाट प्रभावित परिवार, बस्ती, वडा, गाँउपालिका, नगरपालिका, जिल्ला वा प्रदेश,

(ख) कम्पनीले लगानी गरी सञ्चालनमा आएका वा सञ्चालनको तयारीमा रहेका परियोजनाबाट प्रभावित परिवार, बस्ती, वडा, गाउपालिका, नगरपालिका, जिल्ला वा प्रदेश,

(ग) प्राकृतिक प्रकोपबाट प्रभावित परिवार, बस्ती, वडा, गाँउपालिका, नगरपालिका जिल्ला वाप्रदेश,

(घ) परियोजना क्षेत्रकास्थायी वासिन्दा,गरिब विपन्न परिवारको सदस्य, एकल महिलाले नेतृत्व गरेको परिवारका सदस्य वा सिमान्तकृत समुदाय वा परिवारका सदस्य ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संचालक समितिले नेपाल राज्यका

जुनसुकै स्थानमा कार्यक्रम संचालन गर्न सक्नेछ ।

५. **शैक्षिककार्यक्रम सञ्चालन गरिने**:(१)कम्पनीको कार्यक्रम संचालन गर्न सरकारी वा सार्वजनिक विद्यालयको लागि देहाय बमोजिमका कामका लागि सहयोग गर्न सक्नेछः-

(क) अध्ययनको लागि छात्रवृत्ति,

(ख) विद्यालयको भौतिक संरचना निर्माण वा सामग्री वितरण,

(ग) गुणस्तरीय शिक्षाका लागि आवश्यक तालिम,

(घ) विद्यार्थीका लागि आवश्यक अन्य शैक्षिक सामग्री वाउपकरण प्रदान ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको छात्रवृत्ति गरिब तथा जेहेन्दार विद्यार्थीलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छात्रवृत्ति दिनको लागि दफा ४ बमोजिमका आधारमा विद्यालय छनौट गर्नु पर्नेछ ।

६. **खानेपानी, स्वास्थ्य तथा सरसफाई:**कम्पनीले खानेपानी, स्वास्थ्य र सरसफाईका क्षेत्र अर्न्तगतकार्यक्रम संचालन गर्न देहाय बमोजिमका कामका लागि सहयोग गर्न सक्नेछः-

(क) आर्थिक अभावका कारण सञ्चालनमा नआएका खानेपानी आयोजनाको मर्मत,

(ख) स्वास्थ्य सम्बन्धी जनचेतनामूलक जागरण अभियान,

(ग) स्वास्थ्य सम्बन्धी दिवस वा उत्सव मनाउने,

(घ) प्राथमिक उपचार, तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने,

(ङ) सरसफाई अभियान सञ्चालन गर्ने,

(च) मेडिकल क्याम्पहरूको सञ्चालन तथा सहजीकरण गर्ने,

(छ) स्वास्थ्यसँग सम्बन्धित शिविर सञ्चालन गर्ने,

(ज) विद्यालय तथा सार्वजनिक शौचालय निर्माणमा सहयोग गर्ने ।

७. **ग्रामीण विकास:**कम्पनीले ग्रामिण विकास क्षेत्र अर्न्तगतदेहाय बमोजिमका कामका लागि सहयोग गर्न सक्नेछः-

(क) सिंचाई, खानेपानी, सामुदायिक भवन, बाटो, पुल पुलेसा जस्ता भौतिक संरचनाहरुको निर्माण,

(ख) सूचना बोर्डको व्यवस्थापन,

(ग) नवीकरण ऊर्जाको प्रर्वद्धन/संवर्धन,

(घ) स्वच्छ ऊर्जाको लागि अनुसन्धान,

(ङ) किसानहरूलाई खेती गर्न बीउ बीजनसहयोग,

(च) बागवानी, करेशाबारी प्रर्वद्धन,

(छ) खाद्य प्रशोधन तालिम तथा सीप विकास सम्बन्धी सहयोग ।

८. **वातावरण संरक्षण:**कम्पनीले वातावरण संरक्षण क्षेत्र अर्न्तगतकादेहाय बमोजिमका कामका लागि सहयोग गर्न सक्नेछः-

(क) सामुदायिक बनमा बृक्षारोपण,

(ख) सार्वजनिक पार्कको स्थापना,

(ग) सार्वजनिक स्थानहरुमा सडक बत्ती जडान,

(घ) सिमसार क्षेत्रको संरक्षणमा टेवा,

(ङ) फोहोर संकलन स्थानको व्यवस्थापन ।

९. **महिला सशक्तिकरण**:कम्पनीले महिला सशक्तिकरणका क्षेत्र अर्न्तगतकादेहाय बमोजिमका कामका लागि सहयोग गर्न सक्नेछः-

(क) क्षमता विकासका लागि प्रशिक्षण दिने,

(ख) एकल महिलासँग सम्बन्धित संस्थाको लागि वित्तीय सहायता,

(ग) अनौपचारिक शिक्षा कक्षा संचालन,

(घ) तालिम, गोष्ठी सञ्चालन,

(ङ) महिला सशक्तिकरणसँग सम्बन्धित अन्य काम ।

१०. **खेलकुद, कला वा संस्कृति**:कम्पनीले खेलकुद, कला वा संस्कृतिकाक्षेत्र अर्न्तगतकादेहाय बमोजिमका कामका लागि सहयोग गर्न सक्नेछः-

(क) विभिन्न स्तरका खेल प्रतियोगिताहरुको लागि पोशाक वितरण,

(ख) विभिन्न प्रतियोगिता आयोजना गर्ने,

(ग) खेल मैदान निर्माण,

(घ) खेलकुद, कला वा संस्कृतिप्रबर्द्धनका लागि तालिम, गोष्ठी सञ्चालन,

(ङ) पौराणिक वा पुरातात्विक स्थलहरुको संरक्षण ।

११. **मानवीय सेवा**:कम्पनीले मानवीय सेवासँग सम्बन्धितदेहाय बमोजिमका कामका लागि सहयोग गर्न सक्नेछः-

(क) बृद्धाश्रम वा अनाथालय,

(ख) रक्तदान कार्यक्रम,

(ग) प्राकृतिक प्रकोपबाट पीडितलाइ राहत,

(घ) राष्ट्रिय वा प्रदेशस्तरको उद्धार कोषमा नगद सहयोग,

(ङ) अपांग, दृष्टिबिहिनहरुको छाता संगठनहरुलाई सहयोग,

(छ) परियोजना प्रभावित परिवारलाई आर्थिक तथा अन्य सहयोग,

(ज) मठ मन्दिर, घाट व्यवस्थापन, पाटीपौवा निर्माण तथा मर्मत सम्भार ।

१२. **कार्यक्रम सञ्चालन**: (१)कार्यक्रम संचालन गर्न दफा ३ र ४ को आधारमा क्षेत्र र स्थान तोकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिमका स्थानका विद्यालय वा संस्थाले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न कम्पनीमा निवेदन दिन सक्नेछ ।

(३) स्थानीय तहमा कार्यक्रमको लागि गाउँ वा बस्तीको उपभोक्ता समिति मार्फत समन्वय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उपभोक्ता समिति नभएमा कार्यक्रम संचालनको लागिस्थानीय तहको बैंक खातामा जम्मा हुने गरी रकम पठाइनेछ ।

(५) उपदफा (४) बमोजिमको रकम प्राप्त भए पछि सम्बन्धित संस्थाले आवश्यकतानुसार खरिद गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(६) कार्यक्रम सञ्चालन पश्चात सार्वजनिक सुनुवाई वा स्थानीय तहबाट कार्यक्रम सञ्चालन भएको जानकारी सम्बन्धित संस्थाले कम्पनीलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामग्रीमात्र सहयोग गर्ने कार्यको लागि कम्पनी आफैंले खरिद गरी कुनै संस्था वा दफा ५ बमोजिमका विद्यालयलाई उपलब्ध गराउनसक्नेछ ।

१३. **कार्यक्रम खर्च**: (१) प्रत्येक आर्थिक वर्षको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने रकमसञ्चालक समितिले स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत वार्षिक बजेटको अधीनमा रही सञ्चालक समितिबाट स्वीकृत भएकोसंस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमको लागि प्रमुख कार्यकारी अधिकृतले खर्च गर्न आदेश दिन वा खर्च स्वीकृत गर्नु पर्नेछ ।

१४. **कार्यक्रम छनौट**: (१)कार्यक्रमको छनौट र त्यसको कार्यान्वयन गर्नको लागि प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीको अध्यक्षतामा तीन सदस्यीय एक समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिलेकार्यालयमा प्राप्त प्रस्ताव वा मागको समीक्षा गरी सञ्चालक समितिमा स्वीकृतीका लागि सिफारिस गर्नुपर्नेछ ।

(३) यस मापदण्ड बमोजिम स्वीकृत भएका कार्यक्रमको जानकारी कम्पनीको वेवसाइटमा राख्नु पर्नेछ ।

१५. **अनुगमन तथा मूल्यांकनः** यस मापदण्ड बमोजिम सामाजिक उत्तरदायित्व अर्न्तगतका कार्यक्रमकोअनुगमन तथा मूल्यांकनकम्पनीले गर्नेछ ।

१६. **वार्षिक प्रतिवेदनमा समावेश गर्ने** :संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत सञ्चालन गरिएका कार्यक्रम सम्बन्धी विवरण कम्पनीको वार्षिक प्रतिवेदनमा समावेश गरिनेछ ।